# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,चैत्र ३० गते,२०७४ साल (संख्याः २८

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## स्वास्थ्य सेवा सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि

## कार्यविधि, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा मुसिकोट नगरपाकिलाकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७४ को दफा ३८ बमोजिम मुसिकोट नगर कार्यपालिकाले वनाएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# स्वास्थ्य सेवा सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४

## पूष्ठभूमी

नेपालको सविधान २०७२ बमोजिम नेपाली नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध भन्ने आधार र स्थानीय निकायको गठन भैसकेको अवस्थामा यस नगरपालिकाले पनि नगरवासीलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न जनस्वास्थ्य सेवाका सबै कार्यक्रम सुदृढीकरण तथा थप प्रभावकारी बनाउन लागेको हो । सो बमोजिम नेपाल सरकारले तोकेको सशर्त कार्यक्क्रमका साथै स्थानीय तहबाट समेत कार्यक्रमको गुणस्तरीय तामा बढावा दिन स्थानीय तहमा प्राप्त रकमबाट स्वास्थ्य सेवामा समेत लगानी गरिएको छ ।

विभिन्न कार्यक्रम तयार पारिएको बजेटको व्यवस्था र खर्च गर्ने विधिहरु तय गर्न वान्छनीय रहेकोले मुसिकोट नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७४ को दफा ३८ वमोजिम मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि पारित गरी लागू गरेको छ ।

### परिच्छेद –१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम स्वास्थ्य सेवा सञ्चालन तथा ब्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृती भएको मिति बाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. “ऐन” भन्नाले मुसिकोट नगरपालिकाको आधारभूत स्वास्थ्य एवं सरसफाई ऐन,२०७४ सम्झनु पर्दछ ।

ख. “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्दछ ।

ग. “कार्यपालिका” भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. “प्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ङ. “उपप्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

च. “वडा” भन्नाले मुसिकोट नगरपालिकाका वडा कार्यालय सम्झनु पर्दछ ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. “अनुदान” भन्नाले यस कार्यविधि अन्तर्गत दिईने अनुदान सम्झनु पर्दछ ।

## परिच्छेद –२

## कार्यक्रम

३. **कार्यक्रम संचालन** : नगरपालिकामा देहायका कार्यक्रम सञ्चालन गरिने छ

१) स्वास्थ्य संस्थामा माग अनुसारको अत्यावश्यक औषधी खरिद :

उद्देश्य :– सबै स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारका आधारभूत औषधीको आपूर्ति भई सबै नागरिकलाई आधारभूत औषधी निःशुल्क रुपमा उपलब्ध हुनेछ ।

खरिद प्रकृया :– अत्यावश्यक औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ बमोजिम गरिने छ ।

२) प्राथमिकताको आधारमा २ वटा शहरी स्वास्थ्य केन्द्रको स्थापनार्थ प्रदान गरिने अनुदान ।

उद्देश्य :– राष्ट्रिय स्वास्थ्य निति अनुसार एक घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच पु-याउन नगरपालिका भित्रका वडाहरुमा यस आ.व. भित्र

२ वटा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गरिने र प्रत्येक वडामा आधा घण्टाको दूरी भित्र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने छन् ।

प्राथमिकतामा परेका स्थानहरु :–

क) वडा नं. १ थामडाँडामा थामडाँडा शहरी स्वास्थ्य केन्द्र ।

ख) वडा नं. ७ वामी मैदान, वामी मैदानमा वामी मैदान शहरी स्वास्थ्य केन्द्र को स्थापना यसै वर्ष गरि सकिएको र आगामी आ.व.मा अन्य आवश्यक ठाँउमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय नगर कार्यपालिकाले गर्ने छ ।

यस आ.व. स्थापना हुने २ वटा शहरी स्वास्थ्य केन्द्रको लागि आवश्यक पर्ने औषधी तथा उपकरणको व्यवस्था नगरपालिकाबाट हुने छ ।

कर्मचारीको हकमा स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिई अ.न.मी. वा अ.हे.व. को कोर्ष उर्तिण गरेका १।१ जना अ.हे.व., १।१ जना अ.न.मी र १।१ जना का.स. करार सेवामा भर्ना गरी नेपाल सरकारको नीति नियम अनुसार संस्था संचालन गरिनेछ ।

पारिश्रमिक स्वरुप रकम अ.न.मी.÷अ.हे.व.लाई मासिक १५०००।– र का.स. रु. ५०००।– मासिक तलब तथा १ महिना वरावरको चाडवर्प खर्च दिने गरी करार सेवामा लिईने छ । विदा लगायतका अन्य सुविधाहरु करार सेवाको नियम अनुसार हुने छन् ।

शहरी स्वास्थ्य केन्द्रको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी सम्बन्धित व्यवस्थापन समितिमा हुने छ ।

३) वडा स्तरमा स्वास्थ्य शिक्षा प्रवर्धन कार्यक्रम

उद्देश्य :– मुसिकोट नगरपालिका क्षेत्र भित्रका ९ वटै वडाहरुमा प्रजनन् स्वास्थ्य, वाल स्वास्थ्य, सर्ने, नसर्ने रोग तथा निःशुल्क स्वास्थ्य सेवा सम्बन्धी एक दिने जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरी समुदायमा स्वास्थ्य जनचेतनाको साथै सेवाको उपभोगदर समेत बढाइने छ ।

४) नगरपालिका स्तरीय स्वास्थ्य सेवा सम्बन्धि एफ.एम. रेडियो कार्यक्रम तथा सूचना प्रसारण :

उद्देश्य :– विभिन्न रोग, महामारी प्रकोप र स्वास्थ्य सम्बन्धी जनचेतनामूलक सूचना तथा कार्यक्रमहरु स्थानीय एफ.एम. रेडियो मार्फत प्रसारण गरी समुदायलाई स्वास्थ्य सतर्कता बढाउन मद्दत मिल्ने छ ।

खर्च पकृया :– प्रचलित नियमानुसार खर्च गरिने छ ।

५) महामारी रोग तथा विपद व्यवस्थापन का लागि औषधी खरिद तथा पूर्व तयारी र्यापीड रेसपोन्स ।

उद्देश्य :– वर्षायाम सुरु हुनु पूर्व र महामारी फैलिई नियन्त्रण गर्नु पर्दा औषधी तथा र्यापीड टिम (RRT) निरन्तर तयारी अवस्थामा रहेमा महामारीको सम्भावित जटिलताबाट रोकथाम हुने छ ।

खर्च प्रकृया :– आवश्यकत अनुसार प्रचलित नियमानुसार गरिने छ ।

६) स्वास्थ्य संस्था तथा व्यवस्थापन समिति बैठक संचालन खर्च :

उद्देश्य :– स्वास्थ्य संस्थाको मासिक प्रगति समिक्षा, स्वास्थ्य संस्था व्यवस्थापन आईपरेका समस्या समाधान गर्न पहल हुने छ ।

बैठक बस्दा चियापान खर्च वापत प्रति स्वास्थ्य संस्था एक मुष्ठ रु. १०००।– मासिक रुपमा व्यवस्था गरिनेछ ।

७) नगरपालिका भित्रका प्रोटोकल पुरा गरी स्वास्थ्य संस्थामा सुत्केरी भएका महिला लाई यातायात खर्च वापत रु. १०००।– र प्रसुती प्रोत्साहन वापत रु. ४००।– उपलब्ध गराइने छ ।

उद्देश्य :– प्रोटोकल अनुसार गर्भवती जाँच र सुरक्षित प्रसुती केन्द्रमा प्रसुती हुन प्रोत्साहन गर्नको लागि प्रदान गरी मातृ तथा नवजात शिशु मृत्यु दरलाई न्यूनिकरण गर्न मद्दत मिल्ने छ ।

यसका लागि निम्न शर्तहरु पुरा गरेका हुनपर्ने छ ।

प्रोटोकल अनुसार ४, ६, ८ र ९ महिनामा कम्तीमा ४ पटक गर्भवती जाँच गराएको हुनपर्ने ।

सुरक्षित प्रसुती केन्द्रमा प्रसुती भएको हुनुपर्ने ।

पूर्व शर्त अनुसारका कागजात पेश भएको आधारमा प्रसुती केन्द्रबाट प्रोत्साहन रकम प्रदान गरिने छ ।

८) पूर्ण खोप प्रशंसा–पत्र तयारी :

उद्देश्य :– मुसिकोट नगरपालिका भित्रका सम्पूर्ण बच्चाहरुलाई प्रशंसा सहित पूर्ण खोप लगाएको प्रमाणित गरेमा पूर्ण खोपको दिगोपना र सबै बच्चाले पूर्ण खोप पाएको सुनिश्चिता हुने छ ।

९) स्वास्थ्य संस्थामा विरामी जाँच गर्ने सामाग्री तथा सामान्य चिरफारको लागि आवश्यक औजार खरिद :

उद्देश्य :– स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने उपकरण तथा औजारहरु (वि.पी. सेट, अटोस्कोप, सुचर सेट) उपलब्ध गराएमा सामान्य चिकित्सा सेवा प्रणाली सुलभ हुने छ ।

खर्च प्रकृया :– प्रचलित नियम अनुसार खरिद गरी वितरण गरिने छ ।

१०) बर्थिङ्ग सेन्टरका लागि डेलीभरी टेबुल, औजार तथा औषधी खरिद

मुसिकोट राजपत्र

उद्देश्य :– यस मुसिकोट नगरपालिकामा स्थापना भएको वामीटक्सार वडागाँउ, कुर्घा र आँपचौर स्वास्थ्य चौकीमा स्थापना तथा संचालनमा रहेका बर्थिङ्ग, सेन्टरहरुको लागि एक÷एक ओटा डेलिभरी टेबुल खरिद तथा औषधी खरिद गरी वितरण गर्ने तथा वर्थिङ्ग सेन्टर संचालनको लागि आवश्यक सामाग्री तथा औषधी खरिद गरिने छ ।

खर्च प्रकृया :– खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ अनुसार खरिद गरी ४ वटै वर्थिङ्ग सेन्टरमा वितरण गरिने छ ।

११) म.स्वा.स्व.से. लाई मासिक यातायात तथा खाजा खर्च (मासिक रु( ५०० का दरले ११९ जनालाई)

उद्देश्य :– जनस्वास्थ्य सेवाको मेरुदण्डको रुपमा कामकाज गर्दै आएका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात तथा खाजा खर्च रुं ५००।– प्रदान गरेमा समुदाय स्वास्थ्य सेवामा थप प्रभावकारी तथा प्रतिवेदन पेश गर्न उत्साह बढ्ने छ ।

खर्च प्रकृया :– यातायात खर्च वापत रु. ४००।– र खाजा खर्च वापत रु. १००।– गरि प्रति म.स्वा.स्व.से. रु. ५००।– प्रति महिना सम्बन्धित स्वास्थ्य संस्थाबाट मासिक बैठकको उपस्थितीको आधारमा भुक्तानी गरिने छ ।

१२) स्वास्थ्य संस्थामा संचालित कार्यक्रमहरुको एकीकृत सुपरिवेक्षण÷अनुगमन :

उद्देश्य :– नियमित सुपरिवेक्षण, अनुगमन र स्थलगत अनुशिक्षण तथा पृष्ठपोषण दिई जनस्वास्थ्य सेवा कार्यक्रमहरु थप प्रभावकारी र गुणस्तरीय बनाइने छन् ।

खर्च प्रकृया :– सुपरिवेक्षक लाई सुपरिवेक्षण दैनिक भ्रमण भत्ता नियमानुसा।र भ्रमण भत्ता भुक्तानी गरिने छ ।

१३) कर्मचारी प्रोत्साहन कार्यक्रम :

उद्देश्य :– कार्य सम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन गरेमा काम गर्ने भावनामा प्रतिस्पर्धा आई सेवाको गुणस्तरीयता बढ्ने छ ।

खर्च प्रकृया :– बर्षैभरी जनस्वास्थ्य सेवाका कार्यक्रमहरु संचालन गर्दा लक्ष्य प्रगती र गुणस्तरको आधारमा उत्कृष्ट कार्य गर्ने स्वास्थ्य सेवाका एक जना महिला र एक जना पुरुष कर्मचारी लाई पुरस्कृत गरिने छ ।

१४) नगरपालिका. अन्तरगतका ७ वडा स्वास्थ्य चौकीमा कम्यूटर, प्रिन्टर फोटोकपी मेसिन तथा इन्टरनेट जडान :

उद्देश्य :– सबै स्वास्थ्य चौकीबाट हुने प्रशासकिय काम कम्प्यूटरको माध्यमबाट संचालन गर्न तथा सूचना प्रविधिलाई छिटो छरिटो बनाउन कम्प्यूटर खरिद गरि वितरण तथा इन्टरनेट जडान गरिने छ ।

खरिद प्रकृया :– सार्वजनिक खरिद ऐन २०६३ बमोजिम हुने छ ।

१५) MBBS डाक्टर नियुक्ति गरी सेवा संचालन गर्ने ।

उद्देश्य :– यस मुसिकोट नगरपालिकाको केन्द्रमा रहेको वामीटक्सार स्वास्थ्य चौकीमा :द्यद्यक् डाक्टर नियुक्ति गरि सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

खर्च प्रकृया :– सार्वजनिक खरिद ऐन २०६३ अनुसार नियुक्ति गरि कार्य संचालन गरिने छ ।

१६) वर्थिङ्ग सेन्टर अनुदान :–

उद्देश्य :– चौविसै घण्टा संचालन हुने वर्थिङ्ग सेन्टरहरुलाई व्यवस्थित गर्न वर्थिङ्ग सेन्टर का.स. तथा अन्य वर्थिङ्ग सेन्टर व्यवस्थापन गर्ने ।

खर्च प्रकृया :– सार्वजनिक खरिद ऐन २०६३ अनुसार खर्च गरिने छ ।

## परिच्छेद –३

## विपन्न नागरिकको औषधी उपचार र राहत

**४. विपन्न नागरिकलाई औषधी उपचार र राहत उपलब्ध गराइने :**(१) स्वास्थ्य मन्त्रालय अन्तगत स्वास्थ्य संस्था तथा अस्पतालबाट सिफारिस भई आएका देहायका रोग भएका तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउने छ ।

क्यान्सर

मृगौला पिडित (मृगौला फेल एउटा फेल, दुई वटा फेला)

स्पाइनल इन्जुरी(Spinal Injury)

मुटु रोग(Heart Disease)

हेड इन्जुरी(Head Injury)

पार्किन्सस

सिकल सेल एनिमिया

(२) उपदफा (१) मा उल्लेखित सबै रोगहरुको साथै देहायका अवस्थाका नागरीकलाई आर्थिक सहयोग उपलब्ध गराउने छ ।

आर्थिक अवस्था निकै कमजोर, विपन्न, असाहाय, मजदुर, किसान र निम्न वर्ग, ख्याती प्राप्त नगरपालिका क्षेत्र भित्रका नागरीकहरुलाई मात्र ।

आर्थिक अवस्था कमजोर भई बाहिर जान नसक्ने भएमा एम्वुलेन्सको खर्च समेत ।

वेवारिसे अवस्थाका विरामीहरुलाई अस्पताल सम्म पु-याउन माथि उल्लेखित रोगहरु बाहेक अन्य अवस्थामा ।

मुसिकोट राजपत्र

वेवारिसे लासको सम्बन्धमा प्रहरी मुचुल्का अनुसार जिल्ला सम्म पु-याउनको लागि ।

औषधी उपचारको खर्चमा समेत ।

आर्थिक अवस्था कमजोर भई पोष्टमार्टम गर्नुपर्ने अवस्थामा ।

(३) आर्थिक सहायता प्राप्त गर्न देहायका कागजात पेश गर्नु पर्ने छ

१. नगर प्रमुखको तोक आदेश

२. (रोग निदान भएको सम्बन्धीत अस्पतालको कागजपत्र)

३. सम्वन्धित बिरामीको नागरिकताको प्रमाणपत्र

४. सम्बन्धित वडा अध्यक्षको सिफारिश

५. निवेदकको नागरिकताको प्रमाण पत्र

६. निवेदन

(४) आर्थिक सहयोग उपलब्ध गराउन सकिने रकम :– विपन्न नागरिकलाई आर्थिक सहायता प्रदान गर्दा देहाय बमोजिम उपलब्ध गराउन सकिनेछ ।

१) रु. ५००० हजार सम्म वडा अध्यक्षको सिफारिसमा भुक्तानी उपलब्ध गराउने ।

२) रु. ५००० देखि २५००० हजार सम्म नगरप्रमुखको तोक आदेशमा प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी उपलब्ध गराउने ।

३) रु. २५००० देखि ५०००० राहत उपलब्ध गराउनु परेमा नगरकार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट भुक्तानी उपलब्ध गराउने ।

## परिच्छेद — ४

## संशोधन तथा परिमार्जन

**५.संशोधन तथा परिमार्जन** : यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

मुसिकोट राजपत्र

## परिच्छेद — ५

## खारेजी तथा बचाउ

**६.खारेजी तथा बचाउ** : यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

**प्रमाणिकरण मिति** : २०७४।१२।३०

आज्ञाले,
घनश्याम न्यैपाने
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू।२०**

मुसिकोट राजपत्र